आज मिति २०७५ साल साउन २५ गते शुक्रबार का दिन यस टोखा नगरपालिकाका प्रमुख श्री प्रकाश अधिकारी ज्यूको अध्यक्षतामा तपशिल महानुभावहरुको उपस्थितिमा नगरपालिकाको अठाइसौं बैठक बसियो ।

**उपस्थिती :-**

| सि.न. | पद | नाम,थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | प्रमुख | श्री प्रकाश अधिकारी | | |
| २. | उप प्रमुख | श्री ज्ञानमाया डंगोल | | |
| ३. | वडा अध्यक्ष वडा नं. १ | श्री श्रीकृष्ण अधिकारी | | |
| ४. | वडा अध्यक्ष वडा नं. २ | श्री दिपकराज जोशी | | |
| ५. | वडा अध्यक्ष वडा नं. ३ | श्री सिंहराज श्रेष्ठ | | |
| ६. | वडा अध्यक्ष वडा नं. ४ | श्री धर्मेन्द्र श्रेष्ठ | | |
| ७. | वडा अध्यक्ष वडा नं. ५ | श्री जगन्नाथ ढकाल | | |
| ८. | वडा अध्यक्ष वडा नं. ६ | श्री महेश्वर के.शी. | | |
| ९. | वडा अध्यक्ष वडा नं. ७ | श्री नरोत्तम राना | | |
| १०. | वडा अध्यक्ष वडा नं. ८ | श्री केशब बहादुर खत्री | | |
| ११. | वडा अध्यक्ष वडा नं. ९ | श्री जोग प्रसाद नेपाल | | |
| १२. | वडा अध्यक्ष वडा नं. १० | श्री मधुसुदन पाण्डे | | |
| १३. | वडा अध्यक्ष वडा नं. ११ | श्री उत्तम अधिकारी | | |
| १४. | नगर कार्यपालिका सदस्य | श्री शोभा तमाङ्ग | | |
| १५. | नगर कार्यपालिका सदस्य | श्री कल्पना घिमिरे | | |
| १६. | नगर कार्यपालिका सदस्य | श्री जगतमाया प्रजापति | | |
| १७. | नगर कार्यपालिका सदस्य | श्री बच्चु बस्याल | | |
| १८. | नगर कार्यपालिका सदस्य | श्री संजिब सुनुबार | | |
| १९. | नगर कार्यपालिका सदस्य | श्री लिला भुजेल | | |
| २०. | नगर कार्यपालिका सदस्य | श्री उर्मिला बि.क. | | |
| २१. | नगर कार्यपालिका सदस्य | श्री पार्बती अधिकारी | | |
| २२. | सदस्य सचिब/प्रमुख प्रशासकीय अधिकृत | श्री कृष्ण प्रसाद सुबेदी | | |

निर्णय नं १:

आर्थिक वर्ष २०७५।७६ को लागि जिल्ला दररेट समितिले पारित गरे बमोजिमको दररेटलाई पारित गरी लागू गर्ने निर्णय गरियो ।

निर्णय नं २:

नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं १० मिति २०७५।०४।०६ को पत्रवाट माग भए बमोजिम स्थानीय तहको अन्तरीम संगठन संरचना र दरवन्दी विवरण संरचनामा देहायका दरवन्दी थप गर्न सिफारिस गर्ने निर्णय गरियो ।

| क्रम | सेवा | पद | तह | सख्या | औचित्य तथा संगठन संरचना |
|---|---|---|---|---|---|
| १ | विविध | वातावरण विद | ६ | १ | वातावरण मैत्रि तथा फोहोर मैला व्यवस्थापन सम्वन्धी कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्न वातावरण तथा सरसफाई उपशाखामा काम गर्न |
| २ | स्वास्थ्य | नर्सिङ | ५/६ | १ | सुरक्षित मातृत्व, परिवार नियोजन, अनुगमन गर्न जनस्वास्थ्य प्रवर्द्धन उपशाखामा काम गर्न |
| ३ | स्वास्थ्य | हे.अ./ सि.अ.हे.व. | ५/६ | १ | क्षेयरोग, कुष्टरोग नियन्त्रण कार्यक्रम, खोप कार्यक्रम सञ्चालन, औषधि भ्याक्सीन व्यवस्थापन गर्न जनस्वास्थ्य प्रवर्द्धन उपशाखामा काम गर्न |
| ४ | आर्थिक योजना तथा तथ्यांक | तथ्यांक सहायक | ५ | १ | नगारपालिका क्षेत्रभित्रका तथ्यांक व्यवस्थापन गर्न तथ्यांक, योजना तथा अनुगमन उपशाखामा तथ्यांक समेत जोडी सोहि उपशाखामा कामाज गर्न |
| ५ | राजश्व | ना.सु. | ५ | १ | राजश्व उपशाखामा कामकाज गर्न |
| ६ | प्रशासन | स्वकीय सचिव | ५ | २ | नगर प्रमुख तथा उप प्रमुखको सचिवालयमा (प्रमुख तथा उप प्रमुखले आफ्नो कार्यकाल सम्मको लागि नियुक्त गर्न मिल्ने गरी) |
| ७ | विविध | कर संकलक | ४ | २ | राजश्व उपशाखामा नउठेको कर संकलन तथा सहजिकरण गर्न |
| | | | | | |
| ८ | नगर प्रहरी | नायव नगर प्रहरी निरिक्षक | ५ | १ | नगरपालिका कार्यालयको सुरक्षा, कर अशुली, दण्ड जरिवाना तथा कारवाहिको लागि सहयोग गर्न प्रशासन, योजना तथा अनुगमन शाखा अन्तर्गत नगर प्रहरी उपशाखा सृजना गरी कामकाज गर्न |
| ९ | नगर प्रहरी | सहायक नगर प्रहरी निरिक्षक | ४ | २ | |
| १० | नगर प्रहरी | नगर प्रहरी जवान | श्रेणी विहिन | १४ | |
| ११ | विविध | सरसफाई कर्मचारी | श्रेणी विहिन | २ | कार्यलय परिसर तथा शौचालय सरसफाई एवम् मृत जिवजन्तु व्यवस्थापन गर्न वातावरण तथा सरसफाई उपशाखा अन्तर्गत कामकाज गर्न |
| १२ | विविध | हेवि सवारी चालक | श्रेणी विहिन | २ | आकस्मीक सरसफाई ट्रिपर तथा Hydrolyc Zet चालक |

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | विविध | हल्का सवारी चालक | श्रेणी विहिन | ३ | प्रमुख, उप प्रमुख तथा प्र.प्र.अ. को सवारी चालक |
| १४ | प्रशासन | कार्यालय सहयोगी | श्रेणी विहिन | २० | ११ वटा वडा कार्यालयमा ११ जना, नगर कार्यपालिकाको कार्यालय (विषयगत शाखा समेत) मा ९ जना |

निर्णय नं ३:

यस नगरपालिकाको आन्तरिक लेखा परिक्षण शाखा गठन नभई सकेकोले नगर कार्यपालिकाको आ.व. २०७४।७५ को आन्तरीक लेखा परिक्षण गर्न कोष तथा लेखा नियन्त्रक कार्यालय काठमाडौलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं ४:

यस कार्यलयमा करारमा कार्यरत सूचना प्रविधि अधिकृत श्री बसन्त पाठकको करार अवधी २०७५।०३।३२ मा समाप्त भएकोमा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) वाट निजको पारिश्रमीकको २५ प्रतिशत नगपालिकाले व्यवस्थापन गरेमा ७५ प्रतिशत पारिश्रमीक उक्त कार्यक्रमवाट व्यहोर्ने जानकारी प्राप्त भएकोले सूचना प्रविधि अधिकृतको २५ प्रतिशत पारिश्रमीक नगरपालिकाले व्यहोर्ने निर्णय गरियो ।

निर्णय नं ५:

आर्थिक वर्ष २०७५।७६ को वजेट, योजना तथा कार्यक्रम कार्ययोजना देहाय वमोजिम तयार गर्ने निर्णय गरियो ।

(क) वडा समितिवाट वजेट समेत किटान गरेर सिफारिस भई नगर सभावाट पारित योजना तथा कार्यक्रमहरुको कार्यान्वयन कार्ययोजना वडा समितिमा छलफल गरी (२) दुई हप्ता भित्र नगर कार्यपालिकाको कार्यालयमा सिफारिस गर्ने । पूर्वाधार तर्फका कार्यक्रमहरु उपभोक्ता तथा ठेक्का कुन प्रक्रिया वाट कार्यान्वयन गर्ने हो सो समेत खुलाई पठाउने ।

(ख) नगर स्तरिय योजना तथा कार्यक्रमहरु विषयगत शाखाहरुले आ आफ्ना कार्यक्षेत्र भित्रका विषयमा (२) दुई हप्ता भित्र नगर कार्यपालिकाको कार्यालयमा सिफारिस गर्ने ।

(ग) नगर सभावाट विभिन्न कोष खडा गरी एकमुष्ठ वजेट विनियोजन गरिएकोले सो कोषहरु संचालन कार्यविधि एक महिना भित्र तर्जुमा गरीसक्ने गरी देहायको मस्यौदा समिति गठन गर्ने निर्णय गरियो ।

प्रमुख- संयोजक
उपप्रमुख- सदस्य
प्रमुख प्रशासकीय अधिकृत- सदस्य
सम्बन्धीत विषयगत समितिको संयोजक -सदस्य
लेखा अधिकृत- सदस्य